# एनआरएन अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार छनोट विधि -२०१५

नेपाल पत्रकार महासंघ बेलायत शाखाको सहकार्यमा र गैरआवासीय नेपाली संघ बेलायतको विशेष सक्रियतामा स्थापना भएको एनआरएन अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार-२०१५ को छनोटका लागि निम्नानुसारको व्यवस्था गरिएको छ । सो पुरस्कारको स्थापना गैरआवासीय अभियान सम्बन्धि कलम चलाउने पत्रकारलाई प्रदान गरिने प्रारम्भिक लक्ष्य भएतापनि हाल देशमा गएको विनाशकारी भुकम्पलाई मध्यनजर गर्दै पुरस्कारका लागि आव्हान गरिएका लेख रचनाहरुको प्रकृतिमा केही संशोधन गरिएको छ । संघको आगामी अक्टोवरमा हुने विश्व सम्मेलनमा सो पुरस्कार वितरण गर्ने उद्देश्यले देहाए बमोजिमको कार्यतालिका प्रस्ताव गरिएको छ :

१. जुलाई महिनाको १ तारिख भित्र गैरआवासीय नेपाली संघको वेब साइटमार्फत पुरस्कारकालागि आह्वान गरिनेछ ।

२. आह्वान गरेको १ महिनाभित्र, प्राप्त एनआरएन अभियानसम्बन्धी र देशमा फैलिएका महामारी तथा राष्ट्रिय विपत्ति, प्रवासी नेपाली जनजीवन लगायत तिनका हकहितका बारेमा खोजमूलक श्रव्य-दृश्य सामांग्री, लेख, रचना तथा समाचारहरुका प्रकाशित/प्रसारित सामांग्रीहरु लिपीबद्ध गरी अध्ययन गरिनेछ ।

३ .प्राप्त भएका आवेदनहरुलाई मूल्याङ्कन गर्नका लागि नेपालका पत्रकारितामा दखल राख्ने, विभिन्न पुरस्कार समितिमा काम गरिसकेका अनुभवी प्राज्ञ तथा वौद्धिक व्यक्तित्वहरु रहेको एक स्वतन्त्र समितिबाट दुई हप्ताको समय सीमाभित्र बढीमा उत्कृष्ट तीन समाचार, लेख तथा श्रव्य-दृश्य सामांग्रीहरु छानिने छन् ।

४. विशेष समितिबाट छानिएका उत्कृष्ट तीन रचनाहरु मध्येबाट संस्थागत, व्यक्तिगत वा संयुक्त रुपमा एनआरएन अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार २०१५ प्रदान गरिने छ ।

५. देशको वर्तमान अवस्थालाई मध्यनजर राख्दै राष्ट्रिय विपत्ति तथा महामारीसंग सम्बन्धित समाचार, लेख, रचनाका अतिरिक्त तपसील बमोजिमको योग्यता भएका ब्यक्तिलाई पुरस्कारका लागि योग्य मानिने छ ।

## एनआरएन अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार-२०१५ का निम्ति दर्खास्त आह्वान

नेपाल पत्रकार महासंघ बेलायत र गैरआवासीय नेपाली संघको विशेष सक्रियतामा स्थापना गरिएको एनआरएन अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार २०१५ का लागि निम्नानुसार योग्यता भएका सञ्चारकर्मीहरुमा यो सूचना जारी गरिएको छ । विश्वको कुनै पनि कुनामा रहेका नेपाली र मातृभमि नेपालका लागि पत्रकारितामार्फत योगदान दिइरहेका पत्रकारहरुलाई प्रेरित गर्ने उद्देश्यका साथ स्थापना गरिएको यो पत्रकारिता पुरस्कार प्रत्येक दुई वर्षमा प्रदान गरिनेछ ।

**पुरस्कारका लागि निम्नलिखित आधारहरु तोकिएका छन्-**

- विश्वको कुनै पनि भागमा रहेर सञ्चालित प्रकाशन गृहमार्फत पत्रकारिता गरिरहेका कुनै पनि भाषामा पत्रकारिता गर्ने नेपाली पत्रकारहरु, पुरस्कारका लागि योग्य हुने छन् । विभिन्न सञ्चार माध्यममा प्रकाशित लेख, रचना, समाचार आदि लगायत श्रव्य, दृश्य सामांग्रीहरुका आधारमा पत्रकारिता पुरस्कार प्रदान गरिने छ ।

- देशमा फैलिएको महामारी, राष्ट्रिय विपत्ति तथा प्रवासी नेपाली जनजीवन लगायत तिनका हकहितका बारेमा प्रकाशित/प्रसारित खोजमूलक सामांग्री, लेख, रचना तथा समाचारहरुलाई प्राथामिकता दिइने छ । पुरस्कारका लागि आहवान गरेपछि तोकेको अवधिमा परेका आवेदनहरुबाट उत्कृष्ट रचना छानिने छ ।

- पत्रकारितामा कम्तीमा पाँच वष लगातार काम गरेको पत्रकारहरु मात्र समावेश हुनेछन् ।

- सामाजिक सञ्जालबाहेक अनलाइन लगायत छापा, श्रव्य, दृश्य आदि माध्यममा प्रकाशित/प्रसारित भएका वा हुन योग्य सामांग्री प्रतिस्पर्धामा सहभागी गराउन सकिने छ ।

- मौलिक लेखन, उचित श्रोतका प्रयोग, मल्टिमिडियाको प्रयोग, खोजमूलक, अनुसन्धनात्मक, सन्तुलित, निष्पक्ष समाचार लगायतका आधारमा उत्कृष्ट रचनाहरु छानिनेछ । उत्कृष्ट रचनाका अतिरिक्त आवेदकको पृष्टभूमि, अनुभवलाई समेत छनोटको आधार मानिने छ ।

- उत्कृष्टताको छनोट विशेष समिति र गैरआवासीय नेपाली संघको पुरस्कार वितरण उपसमितिको निर्णयको आधारमा हुनेछ, धेरैले पढेको अथवा शेयर भएका भन्दैमा उत्कृष्ट समाचार मानिने छैन ।

- विशेष समितिबाट छानिएका उत्कृष्ट तीन रचनाहरु मध्यबाट संस्थागत, व्यक्तिगत वा संयुक्त रुपमा, १ लाख १ हजार रुपैयाँ नगद पुरस्कार तथा प्रमाणपत्रसहित एनआरएन अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार २०१५ प्रदान गरिने छ ।

सूचना जारी भएको मितिले चार साताभित्र अफूले लेखेको श्रव्य-दृश्य, समाचार, लेख रचनाहरुका प्रकाशित/प्रसारित सामांग्रीहरु लगायत व्यक्तिगत विवरणसहित निम्न ठेगानामा पठाउनु हुन अनुरोध छ ।

Non- Resident Nepali Association,
Pachali Sahid Sukra,
FNCCI Milan Marga
Teku, Kathmandu, Nepal
Email: nrnprize2015@gmail.com
आइपुग्नु पर्ने मिति– ३१ जुलाई, २०१५ (साँझ ६ बजे)

(तोकिएको समयभित्र नआएका रचनाहरुलाई समावेश गरिने छैन, आवेदकले आफना रचनाको एक प्रति इलेक्ट्रोनिक कपी अनिवार्य रुपमा पठाउन पर्ने छ )